# दशौं बैठक

आज मिति २०७९ साल असोज ४ गते मङ्गलबारको दिन दिउँसो ३:०० बजे दिप्रुङ चुइचुम्मा गाउँपालिकाको गाउँ कार्यपालिकाको **दशौं** बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री **लोकेन्द्र राई**ज्यूको अध्यक्षतामा बसेको बैठकमा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा तपसिलका प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो।

<u>उपस्थिति</u>

१. गाउँ कार्यपालिका अध्यक्ष श्री लोकेन्द्र राई
२. गाउँ कार्यपालिका उपाध्यक्ष श्री अरुणा थापा मगर
३. वडा नं. १ का वडाध्यक्ष श्री केशव कुमार खत्री
४. वडा नं. २ का वडाध्यक्ष श्री बद्री कटुवाल
५. वडा नं. ३ का वडाध्यक्ष श्री भुपेन्द्र बस्नेत
६. वडा नं. ४ का वडाध्यक्ष श्री बबेन्द्र राई
७. वडा नं. ५ का वडाध्यक्ष श्री डम्बर बहादुर खड्का
८. वडा नं. ६ का वडाध्यक्ष श्री मिलन राई
९. वडा नं. ७ का वडाध्यक्ष श्री गन्धमान थापा
१०. गाउँ कार्यपालिका सदस्य श्री विमला परियार
११. गाउँ कार्यपालिका सदस्य श्री निर्मला श्रेष्ठ (मकाजु)
१२. गाउँ कार्यपालिका सदस्य श्री कृष्ण कुमारी राई
१३. गाउँ कार्यपालिका सदस्य श्री स्वास्तिका भुजेल
१४. गाउँ कार्यपालिका सदस्य श्री कला परियार
१५. गाउँ कार्यपालिका सदस्य श्री सुब्बा माझी
१६. प्रमुख प्रशासकीय अधिकृत (सदस्य-सचिव) श्री लोकेन्द्र बहादुर राई

**प्रस्तावहरुः-**

१. गाउँपालिका स्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन सम्बन्धमा
२. सामुदायिक विद्यालयहरुको लेखापरीक्षणको लागि लेखापरीक्षक नियुक्ति गर्ने सम्बन्धमा
३. स्थानीय तहस्तरीय भूमिविहिन तथा अव्यवस्थित सहजीकरण समिति गठन सम्बन्धमा
४. उर्जा विकास उपसमिति गठन सम्बन्धमा

५. एम्बुलेन्सको भाडादर निर्धारण गर्ने सम्बन्धमा
६. गाउँपालिका स्तरीय सडक शीर्षकको बजेट सम्बन्धमा
७. शिशु पोषण प्रवर्द्धन कार्यक्रम सम्बन्धमा
८. विविध

**निर्णयहरुः-**

**निर्णय नं. १**

प्रस्ताव नं. १ का विषयमा छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ (४), स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को प्रकरण नं. ६.२.१ बमोजिम तथा दिप्रुङ चुइचुम्मा गाउँपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, २०७९ को दफा ३ बमोजिम योजना तथा कार्यक्रमको लागत, परिमाण, समय सिमा र गुणस्तरीयताको आधारमा अनुगमन तथा मूल्याङ्कन गरी पृष्ठपोषण दिनको लागी देहाय बमोजिमको समिति सदस्यहरु तोक्ने निर्णय सर्वसहमतमा गरियो।

संयोजक- श्री अरुणा थापा मगर (गाउँ कार्यपालिका उपाध्यक्ष)
सदस्य-श्री केशव कुमार खत्री (वडाध्यक्ष वडा नं. १/ कार्यपालिका सदस्य)
सदस्य-श्री निर्मला श्रेष्ठ (मकाजु) (कार्यपालिका सदस्य, महिला)
सदस्य- प्रमुख प्रशासकीय अधिकृत
सदस्य सचिव- प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख

**निर्णय नं. २**

प्रस्ताव नं. २ का विषयमा छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७५ को दफा ११ (ज) तथा दिप्रुङ चुइचुम्मा गाउँपालिकाको शिक्षा ऐन, २०७७ को दफा ८८ बमोजिम गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुको आ.व. २०७८/७९ को लेखापरिक्षणको लागि लेखापरीक्षक नियुक्ति गर्न गाउँ कार्यपालिकाको कार्यालयले मिति २०७९/५/२१ मा सात दिने सूचना जारी गरी लेखापरीक्षकको लागि निवेदन माग गरी समयभित्र प्राप्त तपसिलका निवेदनहरुमध्ये तपसिल तिन संस्थाहरुलाई लेखापरीक्षणको लागि नियुक्ति गर्ने भनी सर्वसहमतमा निर्णय पारित गरियो।

तपसिलः-

१. प्राप्त निवेदन
   क) आर.पी. ढकाल एण्ड कम्पनी, मोरङ
   ख) एल.बी खड्का एण्ड एसोसिएट्स, मोरङ
   ग) पुष्प एण्ड कम्पनी, उदयपुर
   घ) एल.बि. मिश्र एसोसिएट्स, जनकपुर
   ङ) एल. पी. नेपाल एण्ड एसोसिएट्स, मोरङ
   च) रत्न प्र. निरौला एण्ड एसोसिएट्स, उदयपुर
२. लेखापरीक्षणको लागि नियुक्ति गरिएको लेखापरीक्षकहरु
   क) आर.पी. ढकाल एण्ड कम्पनी, मोरङ
      -वडा नं. २, ३, ४ र ५ का सम्पुर्ण सामुदायिक विद्यालयहरु

ख) एल.बी खड्का एण्ड एसोसिएट्स, मोरङ
-वडा नं. १ र ६ का सम्पूर्ण सामुदायिक विद्यालयहरु
ग) रत्न प्र. निरौला एण्ड एसोसिएट्स, उदयपुर
- वडा नं. ७ का सम्पूर्ण सामुदायिक विद्यालयहरु

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ का विषयमा छलफल गर्दा भूमिविहिन दलित, भुमिविहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को दफा ४ बमोजिम भूमिविहिन दलित, भुमिविहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन, प्रमाणीकरण र नाप नक्सा गर्ने कार्यमा सहयोग र सहजीकरण गर्न देहाय बमोजिमको स्थानीय तहस्तरीय सहजीकरण समितिमा तपसिलका सदस्यहरु रहने भनी सर्वसहमतीमा निर्णय पारित गरियो।

संयोजकः गाउँ कार्यपालिका अध्यक्ष
उपसंयोजकः गाउँ कार्यपालिका उपाध्यक्ष
सदस्यः स्थानीय तहमा क्रियाशील रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलकले खटाएको एक/एक जना प्रतिनिधि-
सदस्यः श्री कला परियार (कार्यपालिका सदस्य, दलित/अल्पसङ्ख्यक)
सदस्यः श्री कृष्ण कुमारी राई (कार्यपालिका सदस्य, महिला)
सदस्यः ३ जना ( कार्यविधि बमोजिम सहजीकरण समितिले मनोनयन गरेका सदस्यहरु)
सदस्य-सचिव- प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ का विषयमा छलफल गर्दा दिप्रुङ चुइचुम्मा गाउँपालिकाको उर्जा विकास उपसमिति गठन तथा संचालन कार्यविधि, २०७८ बमोजिम गाउँपालिका भित्र नवीकरण उर्जाको कार्यलाई व्यवस्थित गर्न उर्जा विकास उपसमितिमा तपसिलका सदस्यहरु रहने भनी सर्वसहमतीमा निर्णय पारित गरियो।

संरक्षक- गाउँ कार्यपलिका उपाध्यक्ष,
सल्लाहकार- पूर्वाधार विकास समितिका संयोजक र प्रमुख प्रशासकीय अधिकृत
संयोजक- श्री बबेन्द्र राई ( वडाध्यक्ष, ४ नं. वडा)
सदस्यहरु- ६ जना (विषयगत विज्ञ, निजी क्षेत्र, महिला, दलित, पछाडी पारिएका दलित तथा विपन्न वर्गलाई समावेशी सिद्दान्तको आधारमा संयोजकले तोक्ने)
सदस्य सचिव- सामाजिक तथा आर्थिक विकास शाखा प्रमुख

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ का विषयमा छलफल गर्दा गाउँ कार्यपालिकाको कार्यालयमा संचालन भई रहेको एम्बुलेन्सको भाडादर तपसिल बमोजिम निर्धारण गर्ने भनी सर्वसहमतमा पारित गरियो।

| क्र.सं. | देखि | सम्म | भाडादर | कैफियत |
|---|---|---|---|---|
| १. | गाउँपालिका केन्द्र | काठमाडौं | २५००० (पच्चीस हजार) | |
| २. | गाउँपालिका केन्द्र | धरान | १५००० (पन्ध्र हजार) | |
| ३. | गाउँपालिका केन्द्र | विराटनगर | १८००० (अठार हजार) | |
| ४. | गाउँपालिका केन्द्र | गाईघाट | १४००० ( चौध हजार) | |
| ५. | गाउँपालिका केन्द्र | रसुवाघाट | ७००० (सात हजार) | |
| ६. | गाउँपालिका केन्द्र | दिक्तेल | ७००० (सात हजार) | |
| ७. | गाउँपालिका भरी | | ३५००( पैतीस सय) | छुट नहुने |

नोट- गाउँपालिका भित्रका नागरिकरुलाई माथिको भाडादरमा २५% छुट दिईनेछ। गाउँपालिका बाहिरका नागरिकलाई छुट दिईने छैन।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ का विषयमा छलफल गर्दा गाउँपालिका स्तरीय सडक शीर्षकमा विनियोजन भएको एक करोड पाँच लाख बजेट तपसील सडक खण्डमा खर्च गर्ने भनी सर्वसहमतमा निर्णय गरियो।

| क्र.सं. | शीर्षक | रकम |
|---|---|---|
| १. | लामीबगर-पंचमी-छितापोखरी सडक | ४४,००,००० |
| २. | कातिके-टुवाखोला-साल्तेम जाने बाटो | १२,००,००० |
| ३. | लहरे पैयुबाट रिबु जाने सडक (ग्राभेल तथा ढुङ्गा ढुवानी) | ५,००,००० |
| ४. | पंचमी-वातिखुम-टुवाखोला सडक मर्मत सडक (ग्राभेल तथा ढुङ्गा ढुवानी) | ५,००,००० |
| ५. | गैरीखर्क-सिमखर्क विद्यालय जाने सडक | ७,००,००० |
| ६. | जिरो प्वाइन्टबाट टेम्मा खेलकूद जाने सडक | ५,००,००० |
| ७. | हाईड्रो पावर जाने सडक | ५,००,००० |
| ८. | आरुबोटे समाजसेवी जाने गोरेटो बाटो | ४,००,००० |
| ९. | मृगेटार ट्र्याक परिवर्तन सडक निर्माण | ३,००,००० |
| १०. | छबिलालघरको चोक-तावाखोला जाने सडक | १५,००,००० |
| | जम्मा | १,०५,००,००० |

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ का विषयमा छलफल गर्दा गाउँपालिकाले प्रदान गर्दै आएको शिशु पोषण प्रवर्द्धन कार्यक्रमको सम्बन्धमा तपसिल अध्ययन कार्यदल समिति गठन गर्ने र तपसिलका बमोजिम शिशुपोषण कार्यक्रम रकम वितरण गर्ने भनी निर्णय गरियो।

**क) कार्यदल समिति**

संयोजक- श्री पियस्पी चाम्लिङ राई (अधिकृत छैठौं)

सदस्य- श्री मुस्ताक अहमद मंसुरी (सि.अ.हे.व. अधिकृत)

सदस्य- श्री मुरारी प्रसाद सिग्देल (जनस्वास्थ्य निरिक्षक)

ख) मिति २०७७/४/१ देखि २०७९/३/३१ भित्र जन्मेका शिशुहरुलाई असोज महिनामा नै शिशु पोषण भत्ता वितरण गर्ने, २०७४/४/१ देखि २०७७/३/३१ भित्र जन्मेका तर भत्ता रकम छुटेकाहरुको माथि क) बमोजिम गठित समितिले अध्ययन गरी आवश्यक कागजात पुगेको भनी प्रतिवेदन पेश भए पश्चात वितरण गर्ने।

**ग) शिशु पोषण प्रवर्द्धन रकम वितरण गर्ने मापदण्डहरु**

१) जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी

२) गर्भवती जाँच गरेको कार्डको प्रतिलिपी

३) बच्चाको तौल नापेको कार्डको प्रतिलिपी

४) बच्चा जन्मेको तीन महिना भित्र गाउँ कार्यपालिकाको कार्यालयको स्वास्थ्य शाखामा दर्ता गरिसक्नुपर्ने छ।

निर्णय नं. ८

प्रस्ताव ८ मा छलफल गर्दा विविध (क) मा श्री जनता मा.वि. बतासेका पुर्व प्र.अ. हेम्बर बस्नेतका अनिवार्य अवकास पछि सेवा सुविधा रोकिएको सम्बन्धमा तपसिलका छानविन समिति गठन गरी एक (१) महिना भित्र राय प्रतिक्रिया सहितको प्रतिवेदन पेश गर्ने भनी तपसिल बमोजिमका छानविन समिति गठन गर्ने निर्णय गरियो।

संयोजक- श्री मणि कुमार गिरी (शिक्षा संयोजक)

सदस्य- श्री निर्मला श्रेष्ठ (मकाजु)

सदस्य- श्री पवन बस्नेत (प्र.अ. पंचकौशिका मा.वि. भण्डारेघाट)

सदस्य- श्री ईश्वर लम्साल (प्र.अ. राम्चे निकेतन मा.वि. ईजारा)

सदस्य- श्री पवन राई (प्र.अ. जनता मा.वि. बतासे)

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

विविध(ख) सम्बन्धमा आ.व. २०७९/८० योजना सम्झौता शिविर प्रत्येक वडा कार्यालयमा एक दिने शिविर संचालन प्रशासन, योजना तथा अनुगमन शाखाले तय गर्ने भनी निर्णय गरियो।